# तराई क्षेत्रमा सामुदायिक वनभन्दा फरक वन व्यवस्थापन प्रणाली किन आवश्यक छ ? : सरकारी दृष्टिकोणमाथि एक टिप्पणी

■ हरिराज न्यौपाने

नेपालको सामुदायिक वन (सा.व.) कार्यक्रमबाट भएको सफलतालाई विश्वव्यापी रुपमा नै एउटा नयाँ सिकाइको हिसाबले हेरिँदैछ । सा.व. कार्यक्रमबाट वनको राम्रो संरक्षण हुदै आएको कुरा धेरै अनुसन्धानकर्ताहरु र संघ संस्थाहरुले बताउँदै आएका छन् । यस्तो अवस्थामा फेरि अर्को नयाँ शैलीको साझेदारी वन व्यवस्थापनको आवश्यकता किन परेको हो ? के पहाड र तराईका जनताहरु उही मानिस होइनन् र ? के वन ऐन २०४९ र नियमावली २०५१ ले पहाड र तराई क्षेत्रमा नीतिगत भेदभाव गरेको छ त ? आदि सम्बन्धमा मानिसहरुले विभिन्न कुराहरु गरिरहेका छन् । तसर्थ अहिले चासोको रुपमा रहेको यस साझेदारी वन सम्बन्धमा सरकारी वन विशेषज्ञहरुसँग छलफल गरी उहाँहरुको विचार र त्यसमाथिको टिप्पणी सहित यो लेख तयार गरिएको छ ।

साझेदारी वनको अवधारणा आजभन्दा ३ वर्ष अघि नै तराई, चुरे र भित्री मधेसका सरकारद्वारा व्यवस्थित वन क्षेत्रलाई सम्बद्ध सबै सरोकारवालाहरुको सहभागिता र साझेदारीमा व्यवस्थापन गर्ने गरी जन्मिएको र मन्त्रिपरिषदबाट पनि पास भैसकेको विषय हो । तर यो कानुनीरुपले नआइसकेको भएतापनि मन्त्रालय स्तरमा कार्यकारी समिति बनाएर यसलाई अगाडि बढाउने काम हुँदै आएको छ र यो फिल्डमा लागू गर्न नसकिएको हुँदा विवादको रुपमा नै हेरिएको पाइन्छ । तर यस वर्षबाट उहाँहरुको विचारमा साझेदारी वन व्यवस्थापनलाई परीक्षणको रुपमा बारा र पर्सा लगायत तराईका ८ जिल्लाहरुमा श्री ५ को सरकारले र केही जिल्लामा जीविकोपार्जनका लागि वन कार्यक्रम (Livelihoods and forestry programme- LFP Terai) र जैविक विविधता क्षेत्र कार्यक्रम (Biodiversity sector programme- BISEP Siwalik) ले फिल्ड कार्यान्वयन गर्न खोजिरहेका छन् । त्यसैगरी नेपाल स्वीस सा.व. परियोजना र नेपाल अष्ट्रेलिया सामुदायिक स्रोत व्यवस्थापन तथा जीविकोपार्जन परियोजनाले आफू कार्यरत (पहाडी) जिल्लाका माथिल्ला क्षेत्रहरुमा परीक्षणका रुपमा साझेदारी वन व्यवस्थापन अगाडि बढाउन सहयोग गर्ने भएका छन् ।

तराईको वन व्यवस्थापन सम्बन्धमा पहाडी क्षेत्रमा सफलसिद्ध भएको सा.व. प्रक्रिया अनुसार किन नगर्ने भन्दा सरकारी विशेषज्ञहरुको भनाइ अनुसार तराई र पहाडका बीचमा धेरै फरकहरु छन् । जसले गर्दा पहाडको सा.व. प्रक्रिया हु-बहु वा ठीक एउटै ढङ्गमा लागू हुन सक्दैन । किनकी तराईका आफ्नै विशेषताहरु छन् जसले गर्दा तराईमा छुट्टै खालको वन व्यवस्थापन प्रणाली आवश्यक भएको बताउनु हुन्छ । उहाँहरुका अनुसार ती विशेषताहरु निम्न छन्:

- उपभोक्ता पहिचान
- संरक्षणको सवाल
- बजारसम्मको सरल पहुँच
- उत्पादनशीलता र बाँडफाँटको सवाल
- राष्ट्रिय विपत्तिको घडीमा योगदान
- राजश्व

**उपभोक्ता पहिचान**

तराईका गाउँहरु प्रायसः पूर्व-पश्चिम महेन्द्र राजमार्गबाट दक्षिण तर्फ नेपाल-भारत सीमानासम्म फैलिएका छन् भने जङ्गल चाहिँ सो राजमार्ग भन्दा उत्तर चुरेतर्फ मात्रै पर्दछ । त्यसकारण पहाडको जस्तो गाउँ र वन जोडिएर रहेको अवस्था छैन र दिनानु दिनको अन्तर सम्बन्ध पनि छैन । हिजो पहाडबाट बसाइँ झर्दादेखि नै बसाइँ झर्नेहरु बाटोको नजिकमा बस्न थाले र बिस्तारै-बिस्तारै वन फाँडेर, डढाएर अतिक्रमण गर्दै व्यक्तिगत रुपमा जग्गा बढाउँदै आए । आज तिनै अनुसार वन अतिक्रमणकारीहरुलाई पहिलो दर्जाको उपभोक्ता मानेर पुरस्कार स्वरुप सा.व. बनाएर हस्तान्तरण गर्ने कुरा हुन सक्दैन भन्ने कुरा नाम नखोल्ने शर्तमा एक सरकारी अधिकृतले बताए ।

अर्कोतर्फ जुन तराईका आदिवासी जनजाती हुन् उनीहरु स्रोतबाट टाडिदै गएका छन् वा उनीहरुले वन पैदावार पाइराखेका छैनन् भने नयाँ बस्तिहरु जङ्गलको नजिक बढ्दै छन् । “तपाईंहरु न्यायोचितताको प्रश्न गर्नु हुन्छ खोइ यहाँ न्यायोचितता” भनेर उल्टै प्रश्न राख्नु हुन्छ एक वन प्राविधिक । त्यसले गर्दा गाउँको बसाइँ र जङ्गलको अवस्थितिले पनि कहाँदेखि कहाँसम्मका घरपरिवारलाई उपभोक्ता मान्ने यो पनि जटिल छ । त्यसकारण दक्षिण वा स्रोतबाट टाढा भएकाहरुले पनि वन पैदावार पाउनु पऱ्यो अर्थात काठमाडौंका जनताले पनि । के राष्ट्रिय सम्पति माथि सबैको हक लाग्दैन र ? के तराईको वनमा तपाई हाम्रो अधिकार छैन ? त्यसकारण सा.व. भन्दा फरक र परम्परागत शैलीभन्दा पनि फरक साझेदारी वन व्यवस्थापन प्रणाली ल्याउनु परेको हो ।

**संरक्षणको सवाल**

तराईमा सालै पिच्छे विभिन्न घट्नाहरु घटेको सुन्नमा आउँछन् । जस्तैः चोरी, डाँका, बलत्कार तथा लुटपाटका घटनाहरु । त्यहाँ त्यस्ता किसिमका घटनाहरु घट्दा पनि कसैले सहयोग गर्दैनन् वा सक्दैनन् भने वनमा हुने चोरीमा त बन्दुक र पेस्तोल लिएर उभिएका डाकाहरुको अगाडि को पर्छ ? त्यसकारण उनीहरु जङ्गलमा लुटिएका काठहरु खोस्न सक्दैनन् अर्थात् वनको संरक्षण गर्न सक्दैनन् । तर पहाडमा वन जोगाउनलाई जनताले धेरै सहयोग गर्दै आएका छन् जहाँ यस किसिमको सिधै डकैती हुन सक्दैन वा संभव पनि छैन । यसले गर्दा तराईमा भिन्न किसिमको वन व्यवस्थापन प्रणाली आवश्यक भएको हो ।

**बजारसम्मको सरल पहुँच**

भारतसँगको सीमाना देखि जङ्गलको दूरी हेर्ने हो भने बढीमा ३०/३५ किलोमिटर होला । ट्रक र छिटो काट्ने आरा (Power chain saw) लिएर डाँकाहरु रातमा आए भने ३/४ घण्टामा लाखौं रुपैयाँ बराबरको काठहरु काटेर लैजान सक्छन् । किनकी जहाँसुकै ट्रक लैजान सकिन्छ । पहाडी खण्डमा यो संभव छैन । यस किसिमको परिस्थितिमा वनको कसले संरक्षण गर्ने ? भन्ने सम्बन्धमा हेर्ने हो भने यो संभव नभएको कुरा संरक्षणको सवालबाट नै प्रमाणित हुन्छ । अर्कोतर्फ हेर्ने हो भने यस क्षेत्रका जङ्गलहरु राजमार्गको नजिक हुनाका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसम्मको सरल पहुँचले गर्दा सजिलैसँग वैज्ञानिक व्यवस्थापन गरी वन पैदावारको उपयोग तथा निकासी गर्न सकिने हुनाले पनि छुट्टै खालको वन व्यवस्थापनको आवश्यकता खड्किएको हो ।

## उत्पादनशीलता र बाँडफाँटको सवाल

प्रजातीको दृष्टिकोणमा हेर्ने हो भने तराईमा साल, सिसौ, खयर जस्ता बहुमूल्य जातका रुखहरुका साथै अन्य जडिबुटीहरु पाइन्छन् । यी प्रजातीहरु भवन बनाउने, फर्निचर बनाउने तथा उद्योग स्थापना तथा सञ्चालन गर्ने हिसाबले पनि महत्वपूर्ण छन् । तर पहाडमा यी प्रजातिहरु पाइँदैनन् र यदि यी प्रजाती पाइएता पनि त्यसको गुणस्तर नहुने हुनाले साधारण घरायासिक प्रयोग बाहेक अन्य कार्यहरुमा त्यति उपयोगी छैनः, जुन कुरा तपाईं हामीले देख्दै आएको कुरा हो ।

तराई भन्ने बित्तिकै पाँगो माटोले भरिएको उर्वर समथर जमिन बुझिन्छ जहाँ कृषिबाली अत्यन्त राम्रो हिसाबले फल्दछ । वन तथा रुख बिरुवाको दृष्टिकोणले हेर्ने हो भने पनि कति फरक छ - तराई र पहाडमा । जस्तैः तराईमा १५० फीट अग्ला सलक्क परेका (Clear bole) र ६/७ फिट गोलाइ भएका रुखहरु पाइन्छन् भने पहाडमा ५० फीट अग्ला पनि पाउन कठिन छ । यसको मतलव एउटै रुखमा लाखौं रुपैयाँको अन्तर छ ।  यस्तो करोडौ रुपियाँ बराबरको सम्पति २०० घरलाई दिने कि नदिने ? त्यो दिन नसकिने हुनाले नै साझेदारी वन व्वस्थापनको अवधारणा ल्याउनु परेको हो ।

## राष्ट्रिय विपत्तिको घडिमा योगदान (Crisis management )

देशमा कुनै बेला विभिन्न प्राकृतिक विपत्तिहरु आइपर्न सक्छन् । त्यतिबेला कहाँबाट वन पैदावारहरु (काठ दाउरा) ल्याएर त्यस्ता विपत्तिहरु टार्न सकिन्छ । देशको सबै सुगमठाउँमा रहेका वनहरु सा.व. बनाउने हो भने त्यस्तो अवस्थामा कसरी समस्या हल गर्ने त ? सा.व. बाट त्यस्ता वन पैदावार ल्याउन सकिदैन वा सम्बन्धित उपभोक्ताहरुले नदिन पनि सक्छन् किनकी सा.व. मा उनीहरुको मात्रै अधिकार हुन्छ । अर्थात् सा.व. उपभोक्ताहरुबाट वन व्यवस्थापन हुने हुँदा यसबाट उत्पादन हुने वन पैदावार राष्ट्रिय उद्देश्य र आवश्यकताहरुसँग गाँस्न कठिन हुन्छ । त्यसकारण तराईको वन व्यवस्थापन छुट्टै प्रकारले व्यवस्थापन गर्न आवश्यक छ ।

## राजस्व (Royalty)

वन राष्ट्रको प्राकृतिक स्रोत हो । यसलाई दिगो व्यवस्थापन गर्न जिम्मेवार लिएको संस्था वन मन्त्रालय हो । त्यसैले आफ्नो संस्थालाई आफ्नै खुट्टामा उभ्याउनको निमित्त आम्दानीको बाटो चाहिन्छ । यसको कूल वार्षिक खर्च मात्र ६६ करोड लाग्दछ भने सो कहाँबाट ल्याउने त ? अर्को तर्फ पहाडी वनको तुलनामा स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा यसको महत्वपूर्ण योगदान रहदै आएको सबैलाई घामझै छर्लङ्ग छ । त्यसकारण राजश्व उठाउन, राष्ट्रिय उद्देश्य र आवश्यकताहरु पूरा गर्न पनि नयाँ वन व्यवस्थापन प्रणालीको आवश्यकता देखिएको हो ।

यी बाहेक सरकारी दृष्टिकोणमा तराई, चुरे तथा भित्री मधेसको वन व्यवस्थापन गर्न नसक्नाका अन्य केही कारणहरु छन् । पहिलोमा, परम्परागत वन व्यवस्थापन र सा.व. व्यवस्थापन दुबै प्रणालीमा कमजोरीहरु देखिनु हो । परम्परागत वन व्यवस्थापनमा जनताको सहभागिता नभएको र तराईमा सा.व. विकास कार्यक्रम पहाडमा झैं अघि बढाउन नसक्नुमा बजारको चाप र वन पैदावारको बढी मूल्य, दाउरा र घाँसका लागि वनमा कम निर्भर, सही उपभोक्ताको पहिचान गर्न कठिन, फिल्ड वन कर्मचारीको निर्देशन दिने प्रवृत्ति, आदि जस्ता समस्याहरु जिम्मेवार रहेको कुरा श्रेष्ठ र बुढाथोकी (१९९३)[१९] ले औंल्याएका छन् । दोस्रोमा, विभिन्न अनुसन्धानकर्ताहरुले तराई क्षेत्रमा सा.व. कार्यक्रम लागू गर्न नमिल्नुमा नीतिगत समस्याको साथै भौगोलिक र व्यवहारिक कठिनाइ भएको कुरा बताएका छन् । तेस्रोमा,  ताम्राकार र नेल्सन (सन् १९९१)[२०] ले तराईका १९

जिल्लामा सा.व. को लागि १.३ लाख हेक्टर वन क्षेत्र पहिचान गरेकामा २ लाख हेक्टर वन हस्तान्तरण गरि सक्नुका साथै वन विकास गुरुयोजना सन् १९८९ ले तराई क्षेत्रमा वैज्ञानिक वन व्यवस्थापनलाई मान्यता दिइनु[२१], आदि हुन् । यसको अलवा वन प्राविधिकहरुको कार्यशाला गोष्ठी (२०००) ले वन विभाग वा स्थानीय समुदायको एक्लो प्रयासबाट मात्र तराई, चुरे तथा भित्रि मधेसका वनहरुको व्यवस्थापन गर्न संभव छैन भनेर निष्कर्ष निकाल्नु पनि हो ।

**सरकारी दृष्टिकोण माथिको टिप्पणी**

तराईमा साझेदारी वन व्यवस्थापन प्रणालीको सुरुआत के कति कारणले ल्याउनु परेको रहेछ भन्ने कुरा त बुझियो । यसको अलवा साझेदारी वन व्यवस्थापन बारे कुरा बुझ्न आवश्यक छ । साझेदारी वन व्यवस्थापन दिग्दर्शन २०६०[२२] ले परिभाषित गरे अनुसार साझेदारी वन भनेको "सरकारद्वारा व्यवस्थित वनको पारिस्थितिकीय सन्तुलन कायम राखी जीविकोपार्जन एंव आर्थिक लगायतका बहुउद्देश्यीय लाभ प्राप्तिको लागि श्री ५ को सरकार र सरोकारवालाहरुसँग साझेदारीका आधारमा स्वीकृत वन व्यवस्थापन योजना अनुसार गरिने दिगो वन व्यवस्थापन प्रणाली" हो । त्यसले गर्दा हाल देशमा उठाइएका विभिन्न सवालहरु जस्तैः टाढाका समुदाय वा सहरका जनताहरुका आवश्यकताहरुको परिपूर्ति हुने, श्री ५ को सरकारको कोषमा राजश्व जम्मा हुने र रोजगारीका अवसरहरु पनि सिर्जना हुने यस प्रणालीका सबल पक्षहरु हुन् ।

यस किसिमको परिचयलाई नै केलाएर हेर्ने हो भने पनि "पारिस्थितिकीय सन्तुलन कायम, जीविकोपार्जनमा सहयोग र आर्थिक लाभ" सम्बन्धित सरोकारवाला सरकार र जनतालाई हुने र अन्तत वनको पनि दिगो व्यवस्थापन हुने भनिएको छ । तर व्यवहारिक रुपमा हेर्ने हो भने विश्वास गर्न सकिने ठाउँ पनि त्यतिकै न्यून छ । किनकी हरेक पञ्चवर्षीय योजनाले बढ्दै गएको गरिबीलाई न्यूनिकरण गर्ने लक्ष्य बनाउदै आएको छ । तर ती कुरा लक्ष्यमा मात्रै सीमित छ । यस किसिमको वन व्यवस्थापन प्रणालीले कसरी जनताको वन पैदावारको आवश्यकताहरु पुरा गर्न सक्छ, कसरी रोजगारीको अवसर सिर्जना हुन्छ, जनताको हक अधिकार के रहन्छ, कसरी दिगो रुपमा वनको व्यवस्थापन हुन सक्दछ, आदि कुरा दिग्दर्शनले प्रष्टयाउन सकेको देखिदैन । यदि जनताको हक, अधिकार र आवश्यकतालाई महत्व दिइएको भए जनताले हामी संरक्षण, व्यवस्थापन र सदुपयोग गर्न सक्छौ भनेको जङ्गल किन साझेदारी बनाउन खोजिएको छ । यदि यसले वास्तविक रुपमा जनताको हितलाई हेरेको भए सम्बन्धित उपभोक्ताहरु र विभिन्न संघ संस्थाहरुसँग छलफल तथा अर्न्तक्रिया गरेर सो अनुसार परिमार्जित भएर आउँथ्यो होला तर त्यो हुन सकेन ।

सन् १९५२ तिर वन संरक्षण भन्ने बितिक्कै सेना (Army) ले हेर्ने हो भन्ने थियो । तर यस्तो भावनामा बिस्तार बिस्तार परिवर्तनहरु हुँदै आयो । सन् १९९० मा प्रजातन्त्रको पुर्नस्थापनासँगै देशको वन नीतिमा पनि परिवर्तनहरु आए जसले जनताहरुलाई नै सर्वोच्च अधिकार दियो । जनतामा पनि जनचेतनाको विकास हुँदै आयो । फलस्वरुपः सा.व. सँगै गाउँ वरपरको वन र आफ्नो जग्गा-जमिनका रुख-बिरुवाको संरक्षण हुँदै आएको छ, हरियाली बढेको छ । तर वास्तविक रुपमा गरिब, महिला र पिछडिएका वर्गको हितमा धेरै कृयाकलापहरु हुन सकेनन् किनकी गाउँको वास्तविकता के छ भन्ने कुरा नबुझिकन सीमित टाठाबाठा व्यक्तिको भनाइ अनुसार कामहरु हुँदै आए । त्यसकारण वनबाट कसरी बढी फाइदा लिन सकिन्छ भन्ने कुरामा कसैको ध्यान जान सकेन । यस्तो अवस्थामा सा.व. का विभिन्न पक्षहरुलाई राम्रोसँग केलाएर सुधार्न सकिने कुराहरु धेरै छन् तर यसका पक्षहरुलाई विश्लेषण नै नगरिकन अर्को विकल्पको रुपमा साझेदारी वन भनेर

ल्याइनु अवश्य पनि राम्रो कुरा होइन । साझेदारी अरुसँग नभै बिल्कुल 'अधिकार भएको' र 'अधिकार नभएको' अर्थात जनता र वन कर्मचारीसँग भएको छ जुन "सेर र मुसाको दोस्ती बनाए झै" हुन्छ । त्यसकारण यो साझेदारी फिल्डमा लागू होला नहोला त्यो पनि निश्चित छैन किनकी साझेदारी दिग्दर्शनले जनतालाई साझेदारको रुपमा नहेरी केबल ज्यालादारीमा काम गर्ने कामदारको रुपमा हेरेको देखिन्छ । यस्तो अवस्थामा जनताको आवश्यकता पूरा हुन्छ, रोजगारीको सृजना र वनको दिगो विकास हँदै जान्छ भन्ने कुरामा अपरिपक्कता नै देखिन्छ ।

तराईमा सा.व. कार्यक्रम लागू गरिँदै आउँदा कमजोरीहरु भएको कुरालाई प्रमुखताका साथ उठाईएता पनि ती कमजोरीहरु हटाउन के गर्न सकिन्छ भनेर हेर्ने प्रयास नगरी अर्को नयाँ साझेदारी वन व्यवस्थापनको अवधारणा अगाडि ल्याइएको छ । यसले गर्दा झन वन क्षेत्र नजिक वा टाढाका उपभोक्ताहरुले अहिलेसम्म "वन हाम्रै हो" भनेको कुरालाई "यो सरकारको हो" भन्ने कुरा सिकाउन लागेकोले उपभोक्ताहरुमा अपनत्व (Ownership) को भावना नहुने कुरा निश्चित छ । यस्तो अवस्थामा उपभोक्ता वर्गको सहभागिता पाउन कठिन देखिन्छ । यसको मतलव जसरी सा.व. कार्यक्रमका सुरुका दशकमा (२०३५/४० साल तिर) पञ्चायती र पञ्चायत संरक्षित वनको रुपमा तत्कालीन पञ्चायतलाई वन दिइएको थियो । त्यस्तै गरी यस साझेदारी वन कार्यक्रममा पनि गा.वि.स. का प्रतिनिधिहरुलाई जिम्मेवारी दिए जस्तो देखाएर बिस्तारै कर्मचारीमुखी वन व्यवस्थापन बनाउन खोजिएको प्रष्ट देखिन्छ । बहुसंख्यक उपभोक्ताहरुलाई हिजोको सरकारी वन व्यवस्थापनभन्दा आजको साझेदारी वन व्यवस्थापन प्रक्रियामा कुनै फरक नभएकोले उनीहरुको व्यवहारमा पनि परिवर्तन आउने देखिँदैन । यस कार्यक्रमले रोजगारीको अवसर दिने कुरा गरे तापनि "कामको लागि खाद्यन्न कार्यक्रममा" भन्दा राम्रो सहभागिता नआउने प्रस्ट देखिन्छ । यसरी साझेदारी वन व्यवस्थापनलाई केलाएर हेर्दा हामी पुनः ३ दशक अगाडिको अवस्थामा फर्कन खोजेका हौं कि भन्ने लाग्दछ ।

राष्ट्रिय वन घुमाइ फिराइ आफ्नै कर्मचारीलाई व्यवस्थापन हस्तान्तरण गर्न दिन खोजिएको देखिन्छ । यसको अर्थ जनतालाई नपत्याउनु वा झुक्याउनु मात्र हो । अहिलेसम्म पनि तिनै कर्मचारीहरुलाई वनको व्यवस्थापन गर भनिएको नै थियो किन भएन त ? त्यो अनुभव हुँदाहुँदै किन फेरि विभिन्न बहाना बनाएर कर्मचारीलाई नै वन जिम्मा लगाउन खोजिँदैछ, यो निकै सोंचनिय कुरा छ । साझेदारी वन व्यवस्थापनमा विभिन्न तहको निर्माण गरी वन कर्मचारीको मुख्य भूमिका दिएको हिसाबले यो कार्य छिटोको सट्टा ढिलो र सरलको ठाउँमा जटिल हुने देखिन्छ । एउटा समितिले गरेको निर्णय अर्को समिति वा उप-समिति वा एकाइले थाहा पाउन कठिन हुने वा उनीहरुलाई थाहा नै नहुने स्थितिहरु पनि हुन्छन् । त्यसकारण पारदर्शिताको हिसाबले यो प्रणालिले अपारदर्शिता नै निम्त्याउने संभावनाहरु बढी छन् । यस अगाडि ल्याउनुभन्दा विषयलाई लिएर कुनै पनि जिल्लामा छलफल भएको बारेमा केही थाहा नभएको कुरा वन उपभोक्ता महासंघ (FECOFUN) तथा अन्य सरोकारवालाहरुको गुनासो छ । यस हिसाबले यसको जन्मदेखि नै सहभागिता र पारदर्शिता भन्ने कुरालाई छाँयामा देखिएको छ ।

वनको साझेदारी व्यवस्थापन दिग्दर्शन २०६० ले दक्षिण (टाढा) र सहरका उपभोक्ताहरुको आवश्यकता पूरा गर्ने कुरा विशेष रुपमा उठाइएको छ तर कसरी वन पैदावार वितरण गरिन्छ भन्ने कुरा स्पष्ट छैन । त्यसमा पनि गरिब तथा दलित वर्गका उपभोक्ताहरुले सो वन पैदावार पाउन सक्ने आधारहरु केही पनि देखिँदैन । तर दक्षिणका उपभोक्ताहरु लगायत सहरका मानिसहरुको पनि कुरा उठाइँदा त्यतिबेला सबैलाई लाग्न सक्छ यो सही सवाल हो । एउटै देशका

नागरिकलाई भेदभाव नगरी सबै नागरिकले न्यायोचित ढङ्गले प्राकृतिक स्रोतको व्यवस्थापनबाट फाइदा लिन पाउनुपर्छ भन्ने कुरा राजनैतिक हिसाबले सही सवाल लाग्न सक्छ तर त्यसको व्यवहारिक पक्ष भने बडो जटील र देखावटी रुपमा आलटाल गर्ने खालको छ । राजमार्ग उत्तरको वन क्षेत्रमा आएर दक्षिणका धनी व्यक्तिहरुले त गाढा वा ट्रकमा राखेर लैजान सक्छन् तर गरिबले के गर्छ ? जिल्ला वन पैदावार आपूर्ति समितिलाई काठ दाउरा उपलब्ध गराउने र वितरण गर्ने भन्ने तर्क छ । त्यो पनि टिम्बर कर्पोरेसन भन्दा फरक हुन्छ भन्ने विश्वास कसरी गर्न सकिन्छ ? काठ दाउरा बिक्री गर्दा सरकारी दररेट नघटाई लिलाम बढाबढ गरिने भनिएको कारणले निम्न वर्गका उपभोक्ताले यी वन पैदावार पाउन नै सक्दैनन् भने सोबाट फाइदा लिने भन्ने कुरा धेरै टाढाको विषय हो ।

लाभांश बाँडफाँटको सवाललाई हेर्ने हो भने पनि एक आपसमा तानातान हुनसक्ने संभावनाहरु प्रशस्त देखिन्छ । किनकी यसमा जि.वि.स., गा.वि.स. र समूह रहने प्रावधान छ जसले गर्दा लाभांश बाँडफाँटमा राजनैतिक दबाब आउने खतरा पनि उत्तिकै छ । स्थानीय उपभोक्ताहरुलाई समूहमा पनि राखिएको छैन र उनीहरुलाई सरकारी वनको रेखदेख गर्ने चौकीदार वा हेरालोको रुपमा हेरिएको देखिन्छ । स्थानीय उपभोक्ताहरुको अधिकार के कति रहन्छ भन्ने कुरा पनि किटान गरिएको पाइँदैन । अर्को तर्फ रोजगारीको सम्बन्धमा पनि ढुक्क हुने ठाउँ छैन । एउटै समूह अर्न्तगत हजारौ उपभोक्ताहरु हुन सक्ने हुँदा कस कसले र के के को आधारमा रोजगारीका अवसरहरु पाउने हुन् त्यसबारे दिग्दर्शन मौन देखिन्छ । रोजगारीको सिर्जना भैहाले पनि गरिबको पहुँच पुग्ने कुरामा प्रश्न नै छ ।

राष्ट्रिय र स्थानीय तवरमा बढ्दै गएको वन पैदावारहरुको मागलाई दिगो रुपमा आपूर्ति गर्नको निमित्त साझेदारी वन भनिए तापनि यसमा थुप्रै प्रश्नहरु यथाबत रुपमा देखिन्छ । उदाहरणको रुपमा हेर्ने हो भने सागरनाथ वन विकास परियोजनालाई लिन सकिन्छ । यस परियोजना अर्न्तगत काठमाडौंको काठ दाउराको माग आपूर्ति गर्ने भन्ने उद्देश्य लिएर १०,००० हेक्टर वन क्षेत्रको सालको जङ्गल हटाएर मसलाका बिरुवाहरु लगाइए । यो कार्यक्रम हिजो कसको रुचिले ल्याइएको थियो भन्ने कुरालाई बिर्सिदिने हो भने पनि त्यसबाट वन पैदावारको आपूर्ति भयो भएन, र जैविक विविधता, वातावरण तथा समाजमा त्यसको प्रभाव आज के भैरहेको छ भन्ने कुराको मूल्याङ्कन गर्ने बेला गुज्रि सकेको छ । त्यसले गर्दा हिजोका सफलता र असफलताका सिकाइहरुको मनन् गर्दै साझेदारी वन व्यवस्थापन कार्यक्रमको प्रभावकारिता अर्थात माथि उठाइएका विशेषताहरु एवं सवालहरुलाई कसरी न्यायोचित बनाउन सकिन्छ भन्ने मन्थन गर्नु पर्ने आवश्यकता देखिन्छ ।

साझेदारी वन धेरै न्यायोचित देखिन्छ भनिएता पनि यसले गरिबका पक्षमा खास बोलेको देखिंदैन । साझेदारी वन व्यवस्थापनमा धेरै सरोकारवालाहरु रहेको विभिन्न समिति, उप-समिति, समूह, एकाइहरु रहने प्रावधानका बारेमा दिग्दर्शनमा उल्लेख गरिएको छ । त्यस्ता कुनै पनि समिति वा एकाइमा गरिब, महिला तथा पिछडिएका वर्गको पनि प्रतिनिधित्व हुनुपर्छ भनेर बोलेको छैन तर यसको विपरित प्रत्येक तहमा कर्मचारीहरु र स्थानीय सरकारका प्रतिनिधिहरु रहने प्रावधान छ । यसले गर्दा कर्मचारीहरुको निर्णयमा हिँडनु पर्ने देखिन्छ भने अर्का तर्फ स्थानीय सरकारबाट हस्तक्षेप हुने उत्तिकै संभावनाहरु देखिन्छन् । त्यस्तै गरेर त्यहाँबाट हुने आम्दानीको बाँडफाँट त गरिएको छ तर त्यसले पनि गरिब, महिला तथा पिछडिएका वर्गका निमित्त निश्चित प्रतिशत खर्च गर्नु पर्छ भनेर छुट्टयाएको छैन । त्यसकारण साझेदारहरु बढी हुनाले समन्वय कायम गरी निर्णय

गर्न जटिल हुनाको साथै कार्यान्वयन गर्न झनै कठिन हुने देखिन्छ भन्ने सन्दर्भमा सबै विशेषज्ञहरु सहमत छन् ।

यसको अवधारणा अनुसार यसमा संलग्न सरोकारवालाहरुले के के कति-कति मात्रामा फाइदाहरु पाउँछन् भन्ने विषयलाई हेर्दा स्थानीय उपभोक्ताले वन व्यवस्थापनबाट टुप्पा-टुप्पी, हाँगाविंगा पाउछन् र वन भित्र विभिन्न आयआर्जनका कृयाकलापहरु सञ्चालनगरी उपभोक्ताहरुले बढी फाइदा लिन सक्छन् भन्ने बुँदाहरु लेखिएको छ तर उपभोक्ताहरुलाई आवश्यक पर्ने घर बनाउने काठ कसरी पाउँछन् भन्ने कुरा पनि स्पष्ट छैन । कुमुद श्रेष्ठ (२०५९)[२३] को भनाई अनुसार साझेदारी वन व्यवस्थापनको योजना अन्तर्गत रहेर गैह्रकाष्ठ वन पैदावार लगाउन सकिने र त्यसबाट हुने उत्पादनको बिक्री गरेर घरायासी काममा प्रयोग गर्न सकिन्छ भन्ने छ । यस प्रकारले स्वरोजगारीको सिर्जना हुने र हजारौं घरपरिवारले आय आर्जन गरी दशौं पञ्चवर्षीय योजनाको उद्देश्य गरिबी न्यूनिकरण पूरा गर्नमा सहयोग गर्न सक्दछ भन्ने पुष्टयाइ गर्नु भएको छ तर सा.व. व्यवस्थापन प्रणालीबाट पनि यस किसिमले फाइदा लिन सकिन्छ भन्ने कुरा बिर्सेको देखिन्छ । अन्ततः साधारण उपभोक्ताहरुको निर्णय प्रक्रियामा कुनै जिम्मेवारी नदेखिनाले र प्रत्यक्ष फाइदा पनि उल्लेखनीय नहुँदा हाम्रो वन हो भन्ने भावना जागृत हुन्छ भन्ने कुराको विश्वास गर्न सकिने आधार देखिंदैन ।

स्थानीय अवस्था र ठाउँ अनुसार वन व्यवस्थापनका नमुना (Model) हरु फरक-फरक हुन सक्छन् । कुनै सानो क्षेत्र लिएर नयाँ प्रणालीको परीक्षण गर्न नसकिने कुरा होइन तर एकै पटक तराईका पूरै क्षेत्रमा लागू गरिनु र जनताको हितलाई ख्याल नगर्नु अवश्य पनि राम्रो कुरा होइन । यो तराई खण्डमा मात्र नभएर पहाडमा जहाँ उपभोक्ताहरुको पहुँच न्यून छ त्यस्ता ठाउँहरुमा पनि यस किसिमको वन व्यवस्थापन प्रणाली लागू गर्दै जाने भन्ने भएको छ । यदी त्यस्तो हो भने तराई, चुरे तथा भित्री मधेसमा पनि सा.व. हुन संभव नभएका वन क्षेत्रमा मात्र साझेदारी वन व्यवस्थापनको अवधारणा किन ल्याइएन त भन्ने सवाल उठ्दछ । अर्को तर्फ भोलि सा.व. बनाउन रोकेर साझेदारी वन बनाइने त होइन भन्ने शंका गर्नु असान्दर्भिक नहोला ।

विगत ३० वर्षदेखि तराई, चुरे र भित्री मधेसमा कुनै पनि दिगो वन व्यवस्थापनको उपयुक्त नमुना तयार हुन सकेन । यसले गर्दा तराईका वनहरु दिगो रुपमा व्यवस्थापन हुन सकेन भन्ने भनाइ छ, यो कसको कमजोरीले हो त ? परम्परागत वन व्यवस्थापनले स्थानीय जनताको सहभागितालाई कहिल्यै महत्व दिएन । तराई क्षेत्रमा वन विकास कार्यक्रमहरु नआएका भने होइनन् तापनि आएका एक दुईवटा कार्यक्रम जस्तै सागरनाथ वन विकास परियोजना, तराई सा.व. विकास परियोजनाले उल्लेखनिय सुधार भने ल्याउन सकेन भने वन व्यवस्थापन कार्ययोजना (Operational forest management plan) बनाइए तापनि जनताको हितमा नभएकाले लागू हुन सकेन । अन्ततः स्थानीय जनताको सहभागिता बिना वन व्यवस्थापन असंभव भएको कुरा वन विभागले स्वीकार गरेको छ । अर्को तर्फ तराईको वनहरु राष्ट्रकै काठ दाउरा उत्पादन गर्ने र श्री ५ को सरकारको सञ्चित कोषमा राजस्व जम्मा हुने प्रमुख स्रोत हो भनेको छ । यसका साथै तराईको वनलाई सा.व. को रुपमा दिएमा सो आम्दानी नहुने र टाढाका वा दक्षिणका वा काठमाडौंका जनताले काठ दाउरा नपाउने कुरालाई मुख्य सवालको रुपमा उठाइएको छ । तर साझेदारी वन व्यवस्थापन भएतापनि यो सवाललाई कसरी समाधान गर्न सकिन्छ भन्ने कुरामा विश्वास गर्न सकिने ठाउँ छैन । तराईका सा.व.समूहहरुबाट पनि उनीहरुको आवश्यकताभन्दा बढी भएको वन पैदावार स्वदेशमा नै बिक्री हुन्छ भन्ने कुरालाई हेरिएको छैन । अर्को तर्फ तराई र

पहाडका वनहरुमा जहाँ जनताको पहुँच पुग्दैन त्यस्ता वनहरुलाई व्यवस्थापन गरेर स्रोतदेखि टाढाका उपभोक्ताहरुका आवश्यकता पूरा गर्न सकिन्छ भन्ने कुरामा कसैको पनि ध्यान गएको देखिंदैन ।

**निष्कर्ष**

तराईका आफ्नै खालका विशेषताहरु छन् जस्तैः उपभोक्ता पहिचान, संरक्षणको सवाल, बजारसम्मको सरल पहुँच, उत्पादनशीलता र बाँडफाँटको सवाल, राष्ट्रिय विपत्तिको घडीमा योगदान र राजश्व, जुन विशेषताहरु पहाडसँग मेल नखान पनि सक्छन् । त्यसो भएतापनि जनसहभागितामूलक वन व्यवस्थापन प्रणालीको सट्टा राज्यको नियन्त्रण हुने खालको व्यवस्थापन प्रणाली (State control management system) कदापी उपयोगी हुन सक्दैन । बरु सा.व. को विद्यमान प्रणालीमा समयानुकूल सुधार गर्दै तराईका सवालहरुलाई हल गर्ने प्रणालीको विकासमा सम्बन्धित सबै सरोकारवालाहरु अघि बढ्नु पर्ने देखिन्छ ।

(लेखक फरेष्टएक्सनमा कार्यरत हुनुहुन्छ ।)